**राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष श्री दीपेन्द्रबहादुर क्षेत्रीज्यूको अध्यक्षतामा मिति २०६८/११/०३ गते बसेकेको बैठकमा भएको छलफल तथा निर्णयहरू:**

१. नवनियुक्त राष्ट्रिय योजना आयोगका सदस्य मा.अब्दुर रहीम मिकरानीलाई आयोगमा स्वागत गर्दै वहाँको सफल कार्यकालको लागि शुभकामना ब्यक्त गरियो ।

२. राष्ट्रिय योजना आयोगले मुलुकमा भैरहेको विकास निर्माण र अनुगमनलाई समेटेर टेलिभिजनमा "**विकास वहस**" कार्यक्रम सञ्चालन गर्न सान्दर्भिक देखिएको हुँदा सोको लागि TOR र खर्च व्यवस्था एकीन गरी आगामी बैठकमा मानव संसाधन महाशाखाले पेश गर्ने निर्णय गरियो ।

३. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ र नेपाल सरकार कार्य सम्पादन नियमावली, २०६४ ले गरेको व्यवस्था अनुसार प्रधनमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको संयुक्त अनुगमन टोलीमध्ये राष्ट्रिय योजना आयोगका सदस्य सचिव श्री युवराज भुसालले नेतृत्व गर्नुभएको टोलीले मिति २०६८/१०/२२ देखि २०६८/१०/२८ सम्म कपिलवस्तु जिल्लामा गरेको अनुगमन र देखिएका मुख्य मुख्य समस्याहरूको बारेमा सदस्य सचिवबाट बैठकमा जानकारी गराउनु भयो ।